प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# उच्चस्तरीय प्रशासन सुधार कार्यदल

प्रदेश नं १, विराटनगर, तीनटोलिया

## राय सुझाव पठाउने सम्बन्धी सार्वजनिक सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/१०/०६ को निर्णय बमोजिम उच्चस्तरीय प्रशासन सुधार कार्यदल गठन भई कार्य प्रारम्भ भइसकेको व्यहोरा जानकारी गराउँदछौं । निम्न बमोजिमका कार्यक्षेत्रगत शर्तहरुका संबन्धमा राय, सुझाव, सल्लाह दिन इच्छुक संघ, संस्था एवम् सरोकारवाला महानुभावहरुले मिति २०७९/११/११ गते भित्र कार्यदलको कार्यालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइपुग्ने गरी हुलाक मार्फत देहायको ठेगानामा वा देहायको इमेलमा राय, सुझाव, सल्लाह पठाइदिनहुन कार्यदलको सचिवालय हार्दिक अनुरोध गर्दछ ।

<u>कार्यक्षेत्रगत शर्तहरु:</u>

१. प्रदेश सरकारको प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न एवम् सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त आकारको संगठन संरचना र कर्मचारी दरबन्दी सिफारिस गर्ने,

२. सेवा प्रवाह र विकास व्यवस्थापनलाई छिटो, छरितो, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि कानूनी, कार्य प्रकृयागत, कार्य सँस्कृतिजन्य सुधार एवम् सूचना प्रविधिको प्रयोग गरी प्रदान गर्न सकिने सेवाहरुका सम्बन्धमा ठोस सुझाव दिने,

३. प्रदेश निजामती सेवालाई निश्पक्ष, तटस्थ, उत्तरदायी, जवाफदेही एवम् उत्प्रेरित बनाउन र सुशासन कायम गर्ने सम्बन्धमा सुझाव दिने

४. प्रदेश सरकार र अन्तर्गतका निकायहरुले सम्पादन गर्दै आइरहेका कार्यहरु मध्ये स्थानीय तहले सम्पादन गर्दा
उपयुक्त हुने सेवा प्रवाह तथा विकास निर्माणका क्षेत्र सीमाहरु पहिचान गरी सिफारिस गर्ने,

५. संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्ध मजबुत बनाउने उपायहरु सिफारिस गर्ने,

६. प्रदेशको आन्तरिक राजस्व वृद्धिका उपायहरु सिफारिस गर्ने ।

<u>राय सुझाव सल्लाह पठाउने ठेगाना:</u>

१. उच्चस्तरीय प्रशासन सुधार कार्यदलको सचिवालय, प्रदेश नं १, विराटनगर, तीनटोलिया (साविकको उद्योग, श्रम तथा रोजगार मन्त्रालयको भवन) ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं १, विराटनगर ।

३. ईमेल ठेगाना: p1.admreform@gmail.com, info.ocmcm@p1.gov.np